# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०२।०९ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला जाजरकोट छेडागाड न.पा. वडा नं. १ स्थित कोटिला सामुदायिक वन उपभोक्ता समूहको घुम्तिकोषबाट दिइएको ऋण रकम, कुलो तथा घोरेटो बाटो निर्माण रकम लगायत आ.व. २०७२/०७३ देखि २०७४/०७५ सम्म विभिन्न शीर्षकमा वन समूहको रकम हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा जाजरकोट जिल्ला छेडागाड नगरपालिका वडा नं. १ स्थित कोटिला सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष दिप बहादुर बस्नेतले घुम्तिकोष अन्तर्गत ऋण प्रवाह भएको रकम नगदै बुझी समूहको अभिलेखमा दाखिला नगरेको, समूहको नाममा रहेको बैंक खातामा समेत जम्मा नगरी रु.२,५५,०००।— हिनामिना गरेको हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको देखिएकोले सोही ऐनको उक्त दफाले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) मा उल्लेख भए अनुसार बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिमको कैद र जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम हिनामिना तथा हानिनोक्सानी भएको रु.२,५५,०००।- (अक्षेरूपी दुई लाख पचपन्न हजार) निज दिप बहादुर बस्नेतबाट असुलउपर गरी पाउने समेतको मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी